कार्यालय कोडः- ३१३०१२८०१३

बागमती प्रदेश सरकार
खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालय
# जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय
रसुवा, धुन्चे, नेपाल

प.सं. ०८२/०८३
च.नं. २५

मिति २०८२/०५/०३

श्री जिल्ला समन्वय समितिको कार्यालय, रसुवा,
श्री गाँउ कार्यपालिकाको कार्यालय, रसुवा, (सवै)

**बिषयः- आ.व. २०८२/०८३ को बार्षिक कार्यक्रम सञ्चालन सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस जलश्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय, रसुवा बाट चालु आ.व. २०८२/०८३ मा प्रस्तावित योजनाहरुको कार्यान्वयनका लागि विनियोजित रकमको सीमाभित्र रहि खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय, हेटौडा, मकवानपुरको मिति २०८२।०४।१४ को पत्रानुसार मार्गदर्शन प्राप्त भएको छ। उक्त मार्गनिर्देशनमा निर्माण प्रक्रिया, ठेक्का व्यवस्थापन, खर्च व्यवस्थापन, निर्माण व्यबसायी एवं उपभोक्ता समितिसंगको सम्झौता जस्ता बिषयहरु उल्लेख गरिएको छ।उक्त मार्गनिर्देशन अनुसार २०८२ साल फाल्गुण मसान्त सम्म निर्माण कार्यको प्रक्रिया शुरु नभएका आयोजना/कार्यक्रम हरुको विनियोजित वजेट मध्ये खर्च हुन नसक्ने कार्यक्रमको वजेट चैत्र १५ भित्र अभ्यर्पणका लागि आवश्यक प्रक्रिया अपनाउनुपर्ने, साथै कुनै कार्यक्रममा दोहोरोपना पर्न गएको भए एउटा कार्यक्रम मात्र कार्यन्वयन गराउनुपर्ने तथा अर्को कार्यक्रम र विनियोजित वजेट फ्रिज हुन सक्नेछ| आयोजना/कार्यक्रम संचालन गर्ने क्रममा अधिकतम प्रतिफल हुनेगरी मितव्ययिता, प्रभावकारिता, आर्थिक, सामाजिक, प्राबिधिक र वातावरणीय दृष्टिकोणबाट समेत उपयोगी हुने योजनाहरु मात्र संचालन गरिने छ। योजनाहरु संचालन गर्ने क्रममा जटिल प्रकृतिका योजनाहरु उपभोक्ता मार्फत नगराउने भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन भएकोले सहज, सजिलो र श्रममूलक काम मात्र आर्थिक कार्यविधि, सार्बजनिक खरिद ऐन तथा नियमावलीको नियम ९७ को उपनियम १० अनुसार आकर्षित हुने व्यहोरा अवगत गराउदै आ.व.२०८२/८३ मा सञ्चालन हुन गईरहेका प्रस्तावित योजनाहरुको नामावली र विनियोजित रकम समेत उल्लेख गरी सरोकारवाला सबै वडा कार्यालय र सर्वसाधारणको जानकारीको लागि यसै पत्रसाथ संलग्न गरी पठाइएको छ। स्थलगत निरीक्षणको क्रममा विवाद देखिएका तथा सम्भाव्य नदेखिएका योजनाहरु कार्यान्वयनमा जान नसक्ने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ। साथै सिंचाई योजनाको उपभोक्ता समितिको संस्था गठन, पुर्नगठन तथा दर्ता गर्दा सिंचाई प्रणालीको वास्तविक लाभान्वित उपभोक्ताहरुको एकिन गरी सोही उपभोक्ताहरुमात्र समितिमा रहनेगरी संस्था गठन र दर्ता गरी सहयोग गरिदिनुसमेत अनुरोध छ।

बोधार्थः- जिल्ला प्रशासन कार्यालय, धुन्चे रसुवा।

०५।०३

सुबास बानिया
सब-डिभिजन प्रमुख

फोन/फ्याक्सः -०१० ५४००५८
इमेलः -idsdrasuwa0@gmail.com

बागमती प्रदेश सरकार

## खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालय

# जलश्रोत तथा सिंचाइ विकास सब-डिभिजन कार्यालय

धुन्चे रसुवा

## नौकुण्ड गा.पा. अन्तर्गतका योजनाहरु

आ.ब. २०८२/०८३

| क.सं. | कार्यक्रम र क्रियाकलाप | वडा | बजेट रु.(लाखमा) | कैफियत |
|---|---|---|---|---|
| क) | पहिरो/बस्ति संरक्षण तथा नदि नियन्त्रण योजनाहरु | | | |
| १ | आलिचो पहिरो नियन्त्रण कार्य | नौकुण्ड-१, रसुवा | १० | |
| २ | युब्रा चर्चघर संरक्षण तथा युब्रा खोला नियन्त्रण कार्य | नौकुण्ड २ रसुवा | १५ | |
| ३ | मामलुङ डुप्चे संरक्षण कार्य | नौकुण्ड-१ रसुवा | १५ | |
| ४ | कोल्मु पहिरो संरक्षण कार्य | नौकुण्ड-१ रसुवा | १५ | |
| ख ) | सिंचाई योजनाहरु | | | |
| १ | सिप्चोंग सिचाईं योजना, यार्सा, रसुवा | नौकुंड २ र ३ रसुवा | २० | |
| २ | सेता गुइसा थाङसाङ सिचाई योजना | नौकुण्ड २, रसुवा | १० | |
| ३ | मैतेपा डुप्चेखोल्सा मुहान गरी चेङ्गोर, टारचेत, कारचे सिंचाइ योजना | नौकुण्ड -६, रसुवा | १५ | |
| ४ | नडहरे भदौरे सिम्ले सिंचाई योजना | नौकुण्ड ५, रसुवा | ८ | |
| ५ | बालुंग बुगांग भुग्याप सिंचाई मर्मत | नौकुण्ड १, रसुवा | १० | |
| ६ | गुरुखोला फाम्चेत सागाचौर सिंचाई योजना | नौकुण्ड ३ रसुवा | ३० | |
| ७ | दोश्रो दनुश्वारा सिंचाई योजना | नौकुण्ड ४ रसुवा | ३० | |
| ८ | वेब्राजो पाङचेत दोलोमचेत सिंचाई योजना | नौकुण्ड १ रसुवा | २० | |

सब-डिभिजन प्रमुख